# खानेपानी, सरसफाइ तथा स्वच्छता योजना प्रतिवेदन

## टकलाक गाविस

पर्वत
जिल्ला




**तयार गर्ने**

**गाउँ विकास समितिको कार्यालय, टकलाक**

**तयार गरिएको मिति : २०७२/....../......**

# गाउँ विकास समिति स्तरीय
# खानेपानी, सरसफाइ तथा स्वच्छता योजना
# अद्यावधिक प्रतिवेदन

# टकलाक, पर्वत

२०७२

<u>विषय सूची</u> पृष्ठ नं.


| | | |
|---|---|---|
| १. | परिचय | १ |
| | १.१ पृष्ठभूमि | १ |
| | १.२ उद्देश्य | २ |
| | १.३ विधि | २ |
| | १.४ सिमितता | ३ |
| २. | गाउं विकास समितिको संक्षिप्त जानकारी | ३ |
| | २.१ अवस्थिति, सिमाना तथा प्रशासनिक विभाजन | ३ |
| | २.२ क्षेत्रफल तथा भूउपयोग | ४ |
| | २.३ जनसंख्या, घरधुरी र जातजाती | ४ |
| ३. | खानेपानीको अवस्था | ६ |
| | ३.१ गाविसको खानेपानीको तुलनात्मक अवस्था | ६ |
| | ३.२ खानेपानीको विद्यमान अवस्था | ८ |
| ४. | स्वास्थ्य र सरसफाइको तुलनात्मक अवस्था | ९ |
| ५. | गाविसको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना कार्यान्वयन तथा संशोधित कार्य योजना | १२ |
| ६. | जलवायु परिवर्तन अनुकुलन तथा विपद् जोखिम न्यूनिकरण | १३ |
| | अनुसूचीहरु | १५ |
| | अनुसूची–१: प्रत्येक वडाको जनसंख्याको विवरण | १५ |
| | अनुसूची–२: घरधुरी तथा जातीय समूदाय सम्बन्धी अध्यावधिक तथ्यांक | १६ |
| | अनुसूची–३: गाविसस्तरीय सूचनाहरु | १७ |
| | अनुसूची–४: खानेपानीको तुलनात्मक अवस्था | १८ |
| | अनुसूची–५: पानीको स्रोत संबन्धी विवरण | २० |
| | अनुसूची–६: विद्यमान पोखरीहरुको अवस्था | २३ |
| | अनुसूची–७: खानेपानीको सुविधास्तर निर्धारण | २३ |
| | अनुसूची–८: आ.व. २०७०/०७१ सम्म सम्पन्न भएका १७ योजनाहरु र प्रयोगमा रहेका श्रोतहरु एवम् उक्त योजनाहरुको हालको अवस्था | २५ |
| | अनुसूची–९: सम्पन्न भएका खानेपानी योजनाको संचालनको अवस्था | २६ |

अनुसूची–१०: उप–स्वास्थ्य चौकी संग लिईएको तथ्यांक २८

अनुसूची–११: विद्यालयको खानेपानी, सरसफाइ तथा स्वच्छताको अवस्था २९

अनुसूची–१२: सार्बजनिक संघ संस्थाहरुको वर्तमान खानेपानी, सरसफाइ तथा स्वच्छताको अवस्था २९

अनुसूची–१३: टोलहरुको विद्यमान खानेपानी, सरसफाइ तथा स्वच्छताको अवस्था ३०

अनुसूची–१४: खुल्ला दिसा मुक्त पछिको गतिविधिको सहयोगमा गाविसस्तरको पहुंचको अवस्था ३२

अनुसूची–१५: वडास्तरिय तर्जुमा गरिएका खानेपानी योजनाहरुको विवरण ३३

अनुसूची–१६: गाविस स्तरिय तर्जुमा गरिएका खानेपानी योजनाहरुको विवरण र लागत ३५

अनुसूची–१७: गाविस स्तरीय पूर्ण सरसफाइ रणनैतिक योजना ३६

## यस भित्र प्रयोग गरिएका सक्षिप्त रुपहरुः

| | |
|---|---|
| आर. भि. टि. | रिजर्भ्वायर टंकी |
| आ. व. | आर्थिक वर्ष |
| उ. मा. वि. | उच्च माध्यमिक विद्यालय |
| किमि | किलोमिटर |
| क्र.सं. | क्रमसंख्या |
| खा. पा. | खानेपानी |
| खा. पा. यो. | खानेपानी योजना |
| गाविस | गाउं विकास समिति |
| जि. आई. | ग्याल्भनाइज्ड आइरन |
| जि. वि. स. | जिल्ला विकास समिति |
| नि. मा. वि. | निम्न माध्यमिक विद्यालय |
| ने. रु. | नेपाली रुपैंया |
| नं. | नम्बर |
| प्रा. वि. | प्राथमिक विद्यालय |
| मा. वि. | माध्यमिक विद्यालय |
| वि. सं. | विक्रम सम्बत |
| स. स. यो. | सरसफाइ योजना |
| सि. सि. | कलेक्सन च्याम्बर |
| **VWASH** | **Village Water, Sanitation and Hyigene** |
| **VWASHCC** | **Village Water, Sanitation and Hyigene Coordination Committee** |

# १. परिचय

## १.१ पृष्ठभूमि

नेपाल सरकारको सन् २०१७ सम्ममा सबैलाई खानेपानी र सरसफाइ सुबिधा पुऱ्याउने लक्ष्य हासिल गर्ने दिशामा सहयोग गर्दै स्थानीय निकायहरुको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले नेपाल सरकार र फिनल्याण्ड सरकारका बीच पश्चिमाञ्चल तथा मध्य पश्चिमाञ्चल विकास क्षेत्रका गरी चौध वटा जिल्लाहरुमा खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रम सञ्चालनको लागि द्विपक्षिय सम्झौता भए वमोजिम पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना सन् २००८ देखि २०१३ अवधिको पहिलो चरण सफलतापूर्वक सम्पन्न गरी सन् २०१३ देखि २०१८ सम्मको अवधिको लागि दोस्रो चरण आरम्भ भएको छ ।

यस सन्दर्भमा समुदायले सहभागितात्मक रुपमा तर्जुमा गरेको योजनाले मात्र समुदायका वास्तविक आवश्यकताको पहिचान गर्न सक्दछ र खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा गरिने बाह्य सहयोग वास्तविक आवश्यकता भएको वर्गमा पर्दछ जसले स्थानीय सरकारको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमा र कार्यान्वयन गर्ने क्षमतालाई विकास गरी सन् २०१७ को नेपाल सरकारको लक्ष पुरा गर्न सहयोग गर्दछ भन्ने मान्यतालाई अंगीकार गरी परियोजनाको पहिलो चरणमा विभिन्न ५२ वटा गाविसको गाउंस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना र एउटा नगरपालिकाका वडाहरुको वडास्तरीय योजना तर्जुमामा सहयोग गरिएको थियो ।

यस परिप्रेक्ष्यमा खानेपानी, सरसफाइ तथा स्वच्छता योजनामा तर्जुमा भएका क्रियाकलापहरु कार्यान्वयन गर्नको लागि परियोजनाले पहिलो चरणमा पर्याप्त आर्थिक तथा प्राविधिक सहयोग उपलव्ध गरायो जसको फलस्वरुपः खानेपानी, सरसफाइ र स्वच्छताको क्षेत्रमा उक्त गाविसहरुमा आमूल परिवर्तन भएको छ ।

परियोजनाको दोस्रो चरणको परियोजना दस्तावेजले वास्तविक रुपमा सेवाविहीन, जसले हालसम्म खानेपानी कार्यक्रमको लागि कुनै पनि बाह्य सहयोग प्राप्त गरेका छैनन् त्यस्ता क्षेत्रमा मात्र परियोजनाको सहयोग केन्द्रीत गर्ने निर्देश गरे वमोजिम परियोजनाको सहयोग विस्तारको लागि थप दुर्गम तथा सेवाविहीन गाविसहरु छनौट गरी सोहि वमोजिमको योजना तर्जुमा गरी सहयोग गर्ने भन्ने उल्लेख भएको छ । यसका साथै परियोजनाको पहिलो चरण सम्पन्न भएका गाविसहरुबाट क्रमशः परियोजनाको सहयोगको बहिर्गमन गर्दै जानको लागि समेत उक्त गाविसहरुको हालको खानेपानी, सरसफाइ तथा स्वच्छताको वस्तुस्थिति अद्यावधिक गर्नु आवश्यक देखिएको साथै परियोजनाको बहिर्गमन पश्चात समेत गाविसले सेवा पुग्न बांकी रहेका क्षेत्रमा अतिरिक्त स्रोतको खोजी गरी वा आफ्नै स्रोत परिचालन गर्न समेत अद्यावधिक खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको आवश्यकता पर्ने भएकोले समेत पहिलो चरणमा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमा भएका सबै गाविसहरुमा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना अद्यावधिक गर्नु वाञ्छनीय देखिएकोले खानेपानी, सरसफाइ तथा स्वच्छता योजना अद्यावधिक कार्यमा सहजीकरण गर्ने जिल्ला विकास समिति, जिल्ला प्राविधिक कार्यालय जस अन्तर्गतको जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता इकाइ र गाउं विकास समिति समेतलाई उक्त कार्यको लागि सहयोगी दस्तावेजको रुपमा तयार गरिएको <u>गाउं विकास समिति स्तरीय खानेपानी, सरसफाइ तथा</u>

स्वच्छता योजना अद्यावधिक गर्ने निर्देशिका(VWASH Plan Updating Guidelines) वमोजिम यो प्रतिवेदन तयार गरिएको छ ।

## १.२ उद्देश्य

गाउंस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना अद्यावधिक कार्यको समग्र उद्देश्य गाउं विकास समितिलाई स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को दफा (६५) ले प्रत्येक स्थानीय निकायलाई आफ्नो सिमाक्षेत्र भित्र सञ्चालन हुने विकास निर्माण कार्य जनमुखी, सहभागितात्मक, प्रभावकारी, सुव्यबस्थित र दीगो प्रतिफल दिने गरी सञ्चालन गर्न आवधिक गाउं विकास योजना तयार गरी सोही योजना अन्तरगतका आयोजनाहरुलाई प्राथमिकताको आधारमा सञ्चालन गर्न निर्देशित गरे वमोजिम अद्यावधिक गाविस खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार गरिएको छ ।

यसका अतिरिक्त यस कार्यका खास उद्देश्यहरु निम्न वमोजिम रहेका छन्:

- गाउं विकास समितिको खानेपानी, सरसफाइ तथा स्वच्छताको वर्तमान अवस्थाको विश्लेषण गरी सबैका लागि खानेपानी र सरसफाइ सुबिधा उपलव्ध गराउन अब आवश्यक पर्ने स्रोतको पहिचान गर्नु,
- गाविस क्षेत्रभित्र सेवाविहीन, सेवा प्राप्त र सुविधा स्तरोन्नती गर्नुपर्ने समुदायको पहिचान गरी प्राथमिकिकरण गर्ने र सोहि वमोजिम स्रोतको विनियोजन गर्ने,
- गाविसको पूर्ण सरसफाइको रणनैतिक योजना तर्जुमा गर्ने र सोहि वमोजिम कार्यक्रमहरु तय गर्ने,
- जलवायु परिवर्तनबाट खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा पर्न गएका तथा भविष्यमा पर्न सक्ने असरहरुको वारेमा अध्ययन गरी विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकुलनका क्रियाकलापहरु पहिचान तथा तर्जुमा गर्नु,
- पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजनाको दोस्रो चरणको अवधारणा वमोजिम उक्त गाविसमा परियोजनाको सहयोगको स्तर निर्धारण गरी सोहि वमोजिम कार्ययोजना तयार गर्ने कार्यमा सहयोग गर्नु रहेको छ ।

## १.३ विधि

गाउंस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना अद्यावधिक कार्यको लागि निम्न वमोजिमको क्रियाकलाप गरिएको थियो ।

| क्र.सं. | क्रियाकलापको नाम | समयाबधी | कैफियत |
|---|---|---|---|
| १ | सहजकर्ताको तालिम तथा विद्यमान खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको डेस्क अध्ययन कार्य | ७ दिन | जिल्लास्तरमा |
| २ | गाविसस्तरीय अद्यावधिक कार्यशाला | १ दिन | गाविसस्तरमा |
| ३ | वडास्तरीय कार्यको लागि तयारी | ३ दिन | गाविसस्तरमा |
| ४ | वडास्तरीय तथ्यांक अद्यावधिक कार्यशाला | ९ दिन | वडास्तरमा |

| | | | |
|---|---|---|---|
| ५ | तथ्यांकको प्रारम्भिक विश्लेशण तथा योजना तर्जुमा पूर्व तयारी | ८ दिन | गाविसस्तरमा |
| ६ | गाविसस्तरीय योजना तर्जुमा कार्यशाला | २ दिन | गाविसस्तरमा |

उपरोक्त क्रियाकलापहरुमध्ये सहजकर्ताको तालिम व्यवस्थापन र प्रतिवेदन लेखन कार्यको संयोजन जिल्ला विकास समितिले गरेको छ भने बांकी क्रियाकलापहरु सहजकर्ताको सहयोगमा गाउं विकास समिति/VWASHCC र वडा नागरिक मञ्चले आयोजना गरेका थिए ।

समग्र अद्यावधिक कार्यको अगुवाई गाविसले गरेको थियो जसको लागि गाविसलाई आवश्यक सहयोग गर्न जिल्ला विकास समितिले एकजना सामाजिक र एकजना प्राविधिक कर्मचारी उपलब्ध गराएको थियो ।

## १.४ सिमितता

यस खानेपानी, सरसफाइ तथा स्वच्छता योजना, जिल्लाको यस क्षेत्रको विकासको निम्ति पूर्णरुपमा सहयोगी रहेपनि यसका आफ्ना केही सीमितताहरु रहनेछन्:

- अपर्झट आउनसक्ने तत्कालिन आवश्यकताहरुको प्राथमिकिकरण
- पर्याप्त बजेट विनियोजनमा न्यूनता
- प्राथमिक तहको तथ्याङ्कको सहज उपलब्धता
- राजनैतिक स्थिरता एवं स्थानीय सरकार तथा सुशासन
- पर्याप्त प्राविधिक तथा प्रशासनिक कर्मचारीको खटनपटन
- दातृ राष्ट्र तथा संघ, संस्थाहरुको सहयोगको सुनिश्चितता  एवं निरन्तरता
- राजनीतिज्ञ तथा योजनाकारहरुको दूरदृष्टि

# २. गाउं विकास समितिको संक्षिप्त जानकारी

## २.१ अवस्थिति, सिमाना तथा प्रशासनिक विभाजन

टकलाक गाउं विकास समिति जिल्लाको सदरमुकाम कुश्मा बजार बाट दक्षिण दिशातर्फ रहेको छ । यस गा.वि.स. विश्व मान चित्रमा २८°००’१९” देखि २८°०२’००”सम्मको उत्तरी अक्षांश र ८३°३७’१८” देखि ८३°३८’०८” सम्म पूर्वि देशान्तरमा फैलिएको छ । यसको पूर्वमा त्रिवेणी गाविस, पश्चिममा शालिग्राम गाविस, उत्तरमा उरामपोखरा र बेहुलीवास गाविसहरु र दक्षिणमा स्याङ्जा जिल्लाको पिंडीखोला गाविस पर्दछ । राजनैतिक विभाजनका हिसाबले यो गाउं विकास समिति जिल्लाको निर्वाचन क्षेत्र नं. २ र इलाका नं. १० अन्तरगत रहेको छ । २१ वटा बस्तिहरुमा विभाजित यस गाउं विकास समितिको प्रशासनिक कार्य वडा नं. ७ टकलाकमा रहेको आफ्नै कार्यालय भवन बाट हुंदै आएको छ ।

**पर्वत जिल्ला**




२.२

## क्षेत्रफल तथा भूउपयोग

भिरालो धरातलिय स्वरुपले बनेको यो गाउं विकास समिति समुद्री सतहदेखि ५६० मिटर देखि १,५८० मिटर सम्म उचाईमा अवस्थित छ । यस गाउं विकास समितिको कूल क्षेत्रफल करिब ४.५३ वर्ग किलोमीटर रहेको छ। यस गाविसको भूउपयोगको स्थिति निम्न बमोजिम रहेको छ।

| | |
|---|---|
| वस्ति तथा खेती योग्य जमिन | : ५१.९० % |
| वन जंगल क्षेत्र | : २९.६६ % |
| घांसे भूमि | : ०१.३३ % |
| झाडी क्षेत्र | : १५.३२ % |
| अन्य नदी किनार, वगर क्षेत्र | : ०१.७९ % |

(श्रोत : गाविस पार्श्व चित्र २०६७)

## २.३ जनसंख्या, घरधुरी र जातजाती

टकलाक गा.वि.स.मा जातजातीको वसोवासको अवस्थालाई हेर्दा विविधता रहेको पाईन्छ। वडा भेला, घरधुरी सर्वेक्षण अध्ययनबाट आएको तथ्याङ्क अनुसार हाल यस गाविसमा कुल ३२९ घरधुरी रहेका

छन । यस गाविसको कूल जनसंख्या (प्रक्षेपित) १,४८२ मध्ये महिलाको जनसंख्या ८४५ अर्थात ५७.०२% र पुरुषको ६३७ अर्थात ४२.९८% रहेको छ। अन्य जातजाती समुदायको वाहुल्यता रहेको यस गाविसमा अन्य जातजातीको १८८ (५७.१४%), दलितको ९४ (२८.५७%० र आदिवासी जनजातीको ४७ ( १४.२९%० घरधुरी रहेको छ। विस्तृत विवरण अनुसूची- १ र २ मा दिइएको छ।

| टेबुल नं १ (वडा अनुसारको जातजातीको विवरण) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वडा नं | टोल/वस्ती हरूको संख्या | घरधूरी | | | | | | |
| | | दलित | जनजाती | तराई पिछडा वर्ग | धार्मिक अल्प संख्यक | बाहुन क्षत्री | अन्य | जम्मा |
| १ | ४ | १९ | १० | ० | ० | १७ | ० | ४६ |
| २ | २ | २ | २ | ० | ० | ० | २३ | २७ |
| ३ | २ | १८ | १९ | ० | ० | ० | ० | ३७ |
| ४ | २ | ० | ० | ० | ० | ३ | १५ | १८ |
| ५ | ३ | ५ | ० | ० | ० | ० | २० | २५ |
| ६ | २ | २४ | ० | ० | ० | ० | २२ | ४६ |
| ७ | ३ | ६ | ० | ० | ० | ० | ३८ | ४४ |
| ८ | २ | २ | १० | ० | ० | ० | ३६ | ४८ |
| ९ | १ | १८ | ६ | ० | ० | ० | १४ | ३८ |
| जम्मा | २१ | ९४ | ४७ | ० | ० | २० | १६८ | ३२९ |






यस गाविसमा एउटा मा. वि र ३ वटा प्राथमिक विद्यालय रहेका छन् भने ३ वटा सेवामूलक कार्यालयहरु उप स्वास्थ्य चौकी, अतिरिक्त हुलाक सेवा कार्यालय  र गाविसको कार्यालय  रहेका छन् ।

यस गा.वि.स.मा खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रम शुरु भए पछि हालको समयमा दक्ष जनशक्तिको अवस्था हेर्दा सुधारिएको चुलो बनाउने मिस्त्री १ जना र स्थानिय चर्पी निर्माण कार्यकर्ता ३ जना गरी कूल ४ जना रहेको तथ्यांकले देखाउंदछ । विस्तृत विवरण अनुसूची- ३ मा दिइएको छ ।

# ३. खानेपानीको अवस्था

## ३.१ गाविसको खानेपानीको तुलनात्मक अवस्था

यस गाविसका जम्मा ३२९ घरधुरी मध्ये खानेपानी सेवा प्राप्त घरधुरी ६७ अर्थात २०.३६% र सेवावाट बञ्चित घरधुरी २६२ अर्थात ७९.६४% रहेको छ। जस मध्ये योजनाको धाराबाट पानी खाने २०.३६% र मूल कुवाको खानेपानी प्रयोग गर्ने घरधुरी  ७९.६४% रहेको छ। यसको विवरण अनुसूची-४ मा दिइएको छ।

टेबुल नं २

| वडा नं | जम्मा घरधूरी | हालको खानेपानी थाप्ने स्थान | | | |
|---|---|---|---|---|---|
| | | धारा | मूल | कुवा | खेला, नदी |
| १ | ४६ | २७ | ० | १९ | ० |
| २ | २७ | ० | ० | २७ | ० |
| ३ | ३७ | ० | ० | ३७ | ० |
| ४ | १८ | १५ | ० | ३ | ० |
| ५ | २५ | २५ | ० | ० | ० |
| ६ | ४६ | ० | ० | ४६ | ० |
| ७ | ४४ | ० | ० | ४४ | ० |
| ८ | ४८ | ० | ० | ४८ | ० |

टेबुल नं ३

| व्डा नं | जम्मा घरधूरी | खनेपानीको गुणस्तर | | | |
|---|---|---|---|---|---|
| | | राम्रो | औसत | नराम्रो | ज्यादै नराम्रो |
| १ | ४६ | २७ | १९ | ० | ० |
| २ | २७ | ० | २७ | ० | ० |
| ३ | ३७ | ० | ३७ | ० | ० |
| ४ | १८ | १५ | ३ | ० | ० |
| ५ | २५ | २५ | ० | ० | ० |
| ६ | ४६ | ० | ४६ | ० | ० |
| ७ | ४४ | ० | ४४ | ० | ० |
| ८ | ४८ | ० | ४८ | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | ३८ | ० | ० | ३८ | ० |
| **जम्मा** | **३२९** | **६७** | **०** | **२६२** | **०** |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | ३८ | ० | ३८ | ० | ० |
| **जम्मा** | **३२९** | **६७** | **२६२** | **०** | **०** |

टेबुल नं ४

| वडा नं | जम्मा घरधूरी | उपलब्ध पानीको परिमाण | | | |
|---|---|---|---|---|---|
| | | पर्याप्त | औसत | अपुग | ज्यादै कम |
| १ | ४६ | ० | १० | ३६ | ० |
| २ | २७ | ० | २७ | ० | ० |
| ३ | ३७ | ३७ | ० | ० | ० |
| ४ | १८ | ० | १८ | ० | ० |
| ५ | २५ | ० | ० | २५ | ० |
| ६ | ४६ | ० | ० | ० | ४६ |
| ७ | ४४ | ० | ४४ | ० | ० |
| ८ | ४८ | ० | ४८ | ० | ० |
| ९ | ३८ | ० | ० | ३८ | ० |
| **जम्मा** | **३२९** | **३७** | **१४७** | **९९** | **४६** |

टेबुल नं ५

| वडा नं | जम्मा घरधूरी | Time Needed to fetch water (Roundtrip) | | | |
|---|---|---|---|---|---|
| | | < 15 Min | 16-30 Min | 31-60 Min | > 1 Hour |
| १ | ४६ | २७ | १९ | ० | ० |
| २ | २७ | ० | २७ | ० | ० |
| ३ | ३७ | ० | ० | ० | ३७ |
| ४ | १८ | १५ | ० | ० | ३ |
| ५ | २५ | २५ | ० | ० | ० |
| ६ | ४६ | ० | ० | ० | ४६ |
| ७ | ४४ | ० | ० | ० | ४४ |
| ८ | ४८ | ० | ० | ० | ४८ |
| ९ | ३८ | ० | ० | ० | ३८ |
| **जम्मा** | **३२९** | **६७** | **४६** | **०** | **२१६** |









| टेबुल नं ६ | | | | |
|---|---|---|---|---|
| Service Level Indicator | Service Level | | | |
| | First | Second | Third | Fourth |
| Water Quality | 67 | 262 | 0 | 0 |
| Water Quantity | 37 | 147 | 99 | 46 |
| Reliability | 329 | 0 | 0 | 0 |
| Water Accessibility | 67 | 46 | 0 | 216 |
| **Service level** | **500** | **455** | **99** | **262** |

| टेबुल नं ७ | | | | | |
|---|---|---|---|---|---|
| Ward No | Total HHs | Source Reliability | | | |
| | | 12 Months | 9-12 Months | 6-9 Months | < 6 Months |
| 1 | 46 | 46 | 0 | 0 | 0 |
| 2 | 27 | 27 | 0 | 0 | 0 |
| 3 | 37 | 37 | 0 | 0 | 0 |
| 4 | 18 | 18 | 0 | 0 | 0 |
| 5 | 25 | 25 | 0 | 0 | 0 |
| 6 | 46 | 46 | 0 | 0 | 0 |
| 7 | 44 | 44 | 0 | 0 | 0 |
| 8 | 48 | 48 | 0 | 0 | 0 |
| 9 | 38 | 38 | 0 | 0 | 0 |
| **Total** | **329** | **329** | **0** | **0** | **0** |

पानीको स्रोत सम्बन्धी विवरण : यस गाविसमा साना ठूला गरी जम्मा ३१ वटा खानेपानीका स्रोतहरुको वहाव मापन गरिएको छ। सबैभन्दा सानो ०.०४ लि.प्र.से र सबैभन्दा ठुलो ०.८३ लि.प्र.से. रहेका छन् । ठूला स्रोतहरुमा सिस्ने गैरा मूल ०.८३ लि.प्र.से. वडा नं ४ र जुकेगैरा पंधेरो मूल ०.७५ लि.प्र.से. वडा नं २ मा रहेका छन्। यसको विवरण अनुसूची–५ मा दिइएको छ।
त्यसै गरि १ र ६ वडाहरुमा २/२ वटा पोखरीहरु रहेका छन् । ३ वटा पोखरीहरु माटोको मात्र र एउटा पोखरी माटो र ढुंगा बाट बनेको देखिन्छ। एउटा पोखरी घरायसी प्रयोजनको लागि र वांकी ३ वटा जनावरको प्रयोगको लागि बनाईएको छ। २ वटा पोखरीको अवस्था मध्यम र २ वटा पोखरीको अवस्था नराम्रो देखिन्छ। यसको विवरण अनुसूची–६ मा दिइएको छ।

## ३.२ खानेपानीको विद्यमान अवस्था

सुबिधास्तर वर्गिकरण गर्दा २१ वटा टोल मध्ये ११ वटा (५२.३८%)पानी थाप्ने स्थानको अवस्था धेरै नराम्रो, ३ वटा (१४.२९%) को अवस्था नराम्रो, ७ वटा (३३.३३%) को अवस्था औसत रहेको तथ्यांकले देखाउंछ भने अवस्था राम्रो रहेको कुनै पनि देखिंदैन। विस्तृत विवरण अनुसूची–७ मा देखाइएको छ।

आ.व. २०७०/०७१ सम्म सम्पन्न भएका १७ योजनाहरु र प्रयोगमा रहेका श्रोतहरु एवम् उक्त योजनाहरुको हालको अवस्था अनुसूची–८ र ९ मा देखाइएको छ। जस मध्ये ९ वटा योजनाको भौतिक अवस्था सन्तोषजनक र बांकी ८ वटाको नराम्रो देखिन्छ। विभिन्न समयमा सम्पन्न भएका सबै योजनाहरु ग्राभिटी प्रणालीका रहेका छन् र सबैमा खानेपानी सुरक्षा योजना (WSP) लागु गर्नु पर्ने, १४ वटामा पानीको गुणस्तर ( ईण्टेक तथा मूल क्षेत्रमा) सुधार गर्नु पर्ने, ८ वटा मा स्रोत संरक्षण र ११ वटामा

पाईप लाईन लगायत अन्य संरचनाहरु मर्मत गर्नु पर्ने देखिन्छ। त्यस्तै बांध गैरा वडा नं ७ भुसालडाडाको योजना पुन निर्माण गर्नु पर्ने देखिन्छ। हाल यस गाविसमा एउटा पनि खा.पा.यो. निर्माणाधिन अवस्थामा रहेको देखिदैन।

# ४. स्वास्थ्य र सरसफाइको तुलनात्मक अवस्था

गाउं स्तरिय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना अध्यावधिक गर्ने सिलसिलामा स्थानीय स्वास्थ्य चौकी संग लिईएको तथ्यांक अनुसार ५ वर्ष भन्दा मुनीका बच्चाहरुको पोषणको अवस्था सामान्य रहेको देखिन्छ। झाडापखाला सम्बन्धी उपचार गरिएका ५ वर्ष मुनिका बच्चाहरुको कूल संख्या ९ मध्ये सबैको ग्रा. स्वा.का. बाट उपचार गरिएको देखिन्छ। कुपोषण तथा भिटामिन ए एवम् खनिज तत्वको कमी देखिएको छैन। विस्तृत विवरण अनुसूची–१० मा देखाईएको छ।

यस गाविसका टोलहरुको विद्यमान सरसफाइ तथा स्वच्छताको तथ्यांक हेर्दा कूल ३२९ घरधुरी मध्ये २६९(८१.७६%) घरधूरीमा पक्की चर्पी र ६०(१८.२४%) घरधूरीमा कच्ची चर्पी रहेको देखिन्छ।
४ वटा सरकारी (सामुदायिक) विद्यालय रहेको यस गाविसमा सबै सामुदायिक विद्यालयको आफ्नै भवन छ। विद्यार्थी संख्या छात्रा १७९, छात्र १०१ गरी जम्मा २८० र शिक्षिका १४, शिक्षक १३ गरी जम्मा २७ विद्यार्थी, शिक्षकको कूल संख्या ३०७ रहेको छ। खानेपानी प्रणाली एउटामा छ, त्यहि पनि पर्याप्त छैन। सबै विद्यालयमा शौचालय छ। एउटा शौचालय लैङ्गिक मैत्री रहेको छ। शौचालयको लागि पानीको ब्यवस्था, ३ वटामा देखिन्छ। एउटामा मात्र साबुनको ब्यवस्था भएको देखिन्छ। एउटामा शौचालय संख्या र आकार प्रयाप्त देखिदैन। विस्तृत विवरण अनुसूची–११ मा देखाईएको छ।

टेवुल नं ८ विद्यालय र उपलब्ध सुविधाहरू

| विद्यालय | विद्यालयको संख्या | विद्यार्थीको संख्या | शिक्षक शिक्षिकाको संख्या | खानेपानी सुविधा | शौचालयको स्थिति | लैङ्गिक मैत्री |
|---|---|---|---|---|---|---|
| प्रा. वि | ३ | ९७ | १५ | ० | ३ | २ |
| नि.मा.वि | ० | ० | ० | ० | ० | ० |
| मा.वि | १ | १८३ | १२ | १ | १ | १ |
| उच्च मा.वि | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | **४** | **२८०** | **२७** | **१** | **४** | **३** |



**सार्वजनिक संघ संस्थाहरुमा भएको खानेपानी तथा सरसफाइको सुविधा संबन्धमा, प्राप्त तथ्यांक बमोजिम यस गाविसमा रहेका ३ वटा संघ संस्थाहरुमध्ये सबैको आफ्नो भवन छ। खानेपानीको सुविधा कुनैमा पनि छैन। शौचालयको सुविधा सबैमा छ। फोहर ब्यवस्थापनको अभ्यास, खाल्डोमा फाल्ने र जलाउने देखिन्छ। विस्तृत विवरण अनुसूची-१२ मा देखाईएको छ।**

| टेबुल नं ९ : संघ संस्थाहरू र उपलब्ध सुविधा | | | | | | |
|---|---|---|---|---|---|---|
| संस्थाहरू | संघ संस्थाहरूको संख्या | संस्थाको भवन | अनुमानित प्रयोगकर्ताहरू | खानेपानीको सुविधा | शौचालय छ/छैन | शौचालय प्रयोगमा छ/छैन |
| Government | ३ | ३ | ९ | ० | ३ | |
| Public | ० | ० | ० | ० | ० | |
| NGO/CBOs | ० | ० | ० | ० | ० | |
| Other | ० | ० | ० | ० | ० | |
| **जम्मा** | **३** | **३** | **९** | **०** | **३** | |




**सरसफाइ तथा स्वच्छताको अवस्था: गाविसको जम्मा ३२९ घरधुरी मध्ये २६९ घरधुरीमा पक्की शौचालय, ६९ घरधुरीमा सुधारिएको आधुनिक चुलो, ५८ घरधुरीमा भांडा सुकाउने चांग, १४० घरधुरीमा फोहर फाल्ने खाडल, ९ घरधूरीमा भांडा माझ्ने प्लेट फर्म , २१ घरधुरीमा पानी शुध्दिकरणको लागि घरेलु विधि अपनाउने गरेको, ८६ घरधुरीमा हात धुने ठाउ, १६९ घरधूरीमा करेसाबारी ब्यवस्थापन भएको, १५४ घरधूरीमा करेसाबारीमा खेर गएको पानी प्रयोग गर्ने र २२२ घरधुरीमा स्वच्छ तरिकाले खानेकुरा ब्यवस्थापन गर्ने गरेको तथ्यांकले देखाउंछ। विस्तृत विवरण अनुसूची-१३ मा देखाईएको छ।**

| टेबुल नं १० : शौचालय एवम् सरसफाइ सम्बन्धी वडागत विवरण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं | टोलको संख्या | शौचालय संख्या | | जम्मा | भांडा माझ्ने प्लेट फर्म | फोहर फाल्ने खाडल | भांडा सुकाउने चाङ | बायो ग्यास भएको | सुधारिएको चुलो | सौर्य उर्जा |
| | | पक्की | कच्ची | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४ | ४२ | ४ | ४६ | ० | ३७ | २४ | ० | ३७ | ० |
| २ | २ | २५ | २ | २७ | ० | १६ | १५ | ० | ५ | ० |
| ३ | २ | २८ | ९ | ३७ | ० | २ | ४ | ० | १४ | ० |
| ४ | २ | १८ | ० | १८ | १ | ० | ३ | ० | ३ | ० |
| ५ | ३ | १७ | ८ | २५ | ० | ० | ० | ० | ० | ० |
| ६ | २ | ४१ | ५ | ४६ | ० | २८ | ३ | ० | ४ | ० |
| ७ | ३ | ३० | १४ | ४४ | ० | ७ | १ | ० | ६ | ० |
| ८ | २ | ४० | ८ | ४८ | ० | ४८ | ० | ० | ० | ० |
| ९ | १ | २८ | १० | ३८ | ० | ३८ | ० | ० | ० | ० |
| **जम्मा** | **२१** | **२६९** | **६०** | **३२९** | **१** | **१७६** | **५०** | **०** | **६९** | **०** |




**खुला दिसा मुक्त पछिको पूर्ण सरसफाइको अवस्था हेर्दा पूर्ण सरसफाइका क्रियाकलापहरु क्रमागत रुपमा भै रहेको तथ्यांकले देखाउंछ। विस्तृत विवरण अनुसूची-१४ मा देखाईएको छ।**

# ५. गाविसको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना कार्यान्वयन तथा संशोधित कार्य योजना

वडास्तरमा तर्जुमा गरी प्राथमिकता क्रम तोकिएका योजनाहरु २० मध्ये सबै ग्राभिटि रहेका छन् भने ८ वटा ग्राभिटि पुनः निर्माण र बांकी १२ वटा ग्राभिटि मर्मत रहेका छन्। विस्तृत विवरण अनुसूची-१५ मा देखाईएको छ।

गाविस स्तरमा प्रस्ताव गरिएका खानेपानी योजनाहरु निम्नानुसार रहेका छन्।

| गाविसस्तरीय प्राथमिकताक्रम | योजनाको नाम | योजनाको प्रकार | वडा नं | लाभान्वित टोलहरुको नाम | जम्मा लाभान्वित घरधुरी | सेवा नपुगेका घरधुरी |
|---|---|---|---|---|---|---|
| १ | भैंसी गैरा | ग्राभिटी | १,३ | फलेवास १०,ढुङ्गेखर्क २१ | ३१ | ३१ |
| २ | सिस्ने गैरा | ग्राभिटी | ४,५,६ | माझखण्ड २५, नेटा २१, बाहाबी १५, लामागरा ३, पल्लो टोल २, नेवारेडाडा १५, सार्कीटोल ५ | ८६ | ७८ |
| ३ | तुरतुरे, रिठा प.धेरो | ग्राभिटी | ८,९ | सिगारकोष ६६ | ६६ | ६६ |
| ४ | सानो पंधेरा | ग्राभिटी | ८ | सिगारकोष २८ | २८ | २८ |
| ५ | बांध पंधेरा (पोखरा) | ग्राभिटी | १,२,३ | कात्तिके १०, कामीगाउं १६, स्यामथुम्का १५ | ४१ | ४१ |
| ६ | बांध गैरा | ग्राभिटी | ७ | घैयाखेत १५, टकलाक १३, भुसालडाडा १६ | ४४ | ४४ |
| ७ | वाय गैरा | ग्राभिटी | ८ | खर्क १० | १० | १० |
| ८ | जुके गैरा | ग्राभिटी | २ | भाटे थुम्का १२ | १२ | १२ |
| ९ | सिस्ने गैरा | ग्राभिटी | ९ | स्यामथुम्का ३ | ३ | ३ |
| | | | | जम्मा | ३२१ | ३१३ |

प्रस्तावित योजनाहरुको प्रक्षेपित जनसंख्या र प्रति ब्यक्ति लागतको आधारमा अनुमानित लागत तयार गर्दा यस गाविसको लागि खानेपानीको सेवा पु-याउन मात्र रु १४,०९०,००० खर्च लाग्ने देखिन्छ। विस्तृत विवरण अनुसूची-१६ मा प्रस्तुत गरिएको छ।

प्रस्तावित खानेपानी योजनाहरु निर्माण गर्नको लागि सम्भावित श्रोतहरु :

- उपभोक्ता स्वयं, स्थानीय समुदाय तथा संघ संस्थाहरु
- गाविस
- जि.वि.स.
- खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय
- अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु
- **दातृ राष्ट्र तथा निकायहरु**

गाविस स्तरीय अन्य योजनाहरु प्रस्तावित गरिएको छैन।

# ६. जलवायु परिवर्तन अनुकुलन तथा विपद् जोखिम न्यूनिकरण

### १) पर्वत जिल्लाको बर्षात तथा तापक्रम

वर्षा र तापक्रमको तथ्यांक जल तथा मौषम बिज्ञान बिभाग अन्तर्गतका मौषम मापन केन्द्रबाट लिएको हो । यो तथ्यांक उक्त विभागको वेबसाइटको जलबायु पोर्टलमा उपलब्ध छ । पर्वत जिल्लाको हकमा कुश्मा त्रिवेणी सिरकोन र कार्कीनेटा गरि चार ठाउंमा रहेका मौषम केन्द्रको तथ्यांक उपलब्ध रहेको छ । चित्रमा प्रस्तुत वर्षातको तथ्यांक उक्त चारै ठाउंका केन्द्रका तथ्यांकहरूको वार्षिक औसत हो भने तापक्रम को तथ्यांक भने कुश्मा केन्द्रको मात्र रहेको छ ।

**क) वर्षा**

चित्र १ मा सन १९७९ देखि २००९ सम्मको वार्षिक औषत वर्षात देखाइएको छ । चित्रमा देखाइएजस्तै औषत वर्षात १८०० मि.लि देखि २८०० मि.लि सम्म रहेको छ । १९८८, १९९५, १९९८ र २००७ मा बर्षाको अधिकतम परिमाण रहेको देखिन्छ भने १९७९, २००४ र २००५ मा न्यून वर्षा भएको देखिन्छ । विगत तीस बर्षको अवधिमा समग्र वर्षाको परिमाण करिब ५० मिमि ले घटेको देखिन्छ । विगतको ६ वर्षको तथ्यांकलाइ हेर्दा ५ वर्षमा औसतभन्दा न्यून वर्षा भएको देखिन्छ । यदी यही अवस्था निरन्तर हुदै गयो भने भविष्यमा पानीका श्रोतहरुमा नकारात्मक असर पर्ने देखिन्छ ।




Mean Observed Rainfall From 1979 To 2009 Months January February March April May June July August September October November December for KUSHMA, TRIBENI, SIRKON, KARKI NETA {y=-2.409 x year + 7200.0, r= -0.07379, p= 0.6932, S.E.= 0.6932}

*१९७९ देखि २००९ सम्मको वार्षिक बर्षातको औसत*

**ख) मासिक औसत बर्षात (१९९४ देखि २००९)**

ग्राफ २ मा सन् १९९४ देखि २००९, १५ बर्षको मासिक बर्षातको फरक प्रस्तुत गरिएको छ उच्च वर्षात गर्मीयामको मनसुनको समय, बैशाख महिना देखि भाद्र महिना सम्म देखिन्छ मनसुनको बेलाको मासिक सबभन्दा बढी वर्षातको औसत ६०० - ८०० मिलिमिटर देखिन्छ । सन् १९९५, १९९८ र २००७ मा यो औसत बढेर ८०० मिलिमिटर नाघेको थियो । हिउंदको समयमा अतिनै कम वर्षा र कहिलेकांही वर्षात् नहुन पनि सक्छ, पर्वत जिल्लाको हकमा पनि हिउादमा वर्षा ज्यादै कम वा नभएको देखिन्छ । १९९६ र १९९८ हिउंदे वर्षा अधिक भएको देखिन्छ ।




- Average Observed Rainfall From 1994 To 2009 for KUSHMA, TRIBENI, SIRKON, KARKI NETA {y=-2.845 x year + 5894.0, r= -0.05553, p= 0.4443, S.E.= 0.4443}

*१९९४ देखि २००९ सम्मको मासिक वर्षाको औसत*

**ख) अधिकतम तापक्रम**

**ग्राफ ३ मा कुश्मा केन्द्रको १९८९ देखि २००९ सम्मको अवधिको बार्षिक अधिकतम तापक्रमको औसत तथ्याक्त प्रस्तुत गरिएको छ। तीस वर्षको अवधिमा अधिकतम तापक्रम २००० मा २६.५ डिग्री र २००९ मा ३१ डिग्री सेल्सियस रहेकोदेखिन्छ भने समग्र वीस वर्षको अधिकतम तापक्रमको औसत करिब ०.५ डिग्री सेल्सियसका दरले बढेको देखिन्छ । जल तथा मौसम विज्ञान विभागको वेबसाइटमा न्यूनतम तापक्रमको ग्राफ पनि उपलब्ध छ।**




- Average Observed Temp-Max From 1979 To 2009 Months January February March April May June July August September October November December for KUSHMA {y=0.01996 x year -11.44, r= 0.1703, p= 0.4606, S.E.= 0.4606}

*१९८९ देखि २००९ सम्मको अधिकतम तापक्रमको औसत*

**टकलाक गाविस भित्र समग्रमा जोखिम सम्बन्धी सिकाई र पहिचान निम्नानुसार पाइएको छः**

| जोखिम संबन्धी विगतको अनुभव | | | | | विश्लेषण र न्यूनिकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं | वर्ष | जोखिम | स्थानीय तहमा पारेको असर | स्थानीयको बुझाई | संभावित जोखिम | जोखिमबाट पर्न सक्ने असर | प्रभाव पर्न सक्ने समुदाय | प्रभावको अवस्था | सम्बन्धित विपद् तथा जोखिम न्यूनिकरणका विकल्पहरू |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ देखि ९ | ०५१/०५२ | खडेरी | खेतीबाली कम भएको | जलवायु परिवर्तन, वातावरणीय असर | खडेरी | खेतीपातीमा असर उब्जनी कम हुने | सबै क्षेत्रमा | उच्च | वृक्षारोपण गर्नु पर्ने |
| ९ | ०६९/७० | पहिरो | खानेपानीमा असर, बाली नालीमा असर | जलवायु परिवर्तनको असर | पहिरो | जमिन र धन जनको क्षति | सिगारकोषा | उच्च | वृक्षारोपण, रिटेनिङ वाल, ड्रेन बनाउनु पर्ने |
| सबै | ०६९/७० | कुहिरो लाग्ने | बाली नालीमा असर आलु खेती तथा फलफूलमा | जलवायु परिवर्तनको असर | कुहिरो | बाली नालीमा असर आलु खेती तथा फलफूलमा | सबै क्षेत्रमा | उच्च | वृक्षारोपण गर्नु पर्ने, वन जंगलको संरक्षण |

# अनुसूचीहरु

## अनुसूची–१: प्रत्येक वडाको जनसंख्याको विवरण

| वडा नं | घरधुरी | सन् २०११ को जनगणना अनुसार | | | घरधुरी सर्भेक्षण अनुसार | सन् २०१५ को प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरूष | महिला | | जम्मा | पुरूष | महिला |
| १ | ४६ | २४८ | ११२ | १३६ | ४६ | २५८ | ११७ | १४२ |
| २ | ३१ | १६२ | ६९ | ९३ | २७ | १६९ | ७२ | ९७ |
| ३ | ३८ | २०५ | ९९ | १०६ | ३७ | २१३ | १०३ | ११० |
| ४ | १८ | ७८ | ३२ | ४६ | १८ | ८१ | ३३ | ४८ |
| ५ | २६ | १०३ | ३९ | ६४ | २५ | १०७ | ४१ | ६७ |
| ६ | ४६ | १८७ | ७७ | ११० | ४६ | १९५ | ८० | ११४ |
| ७ | ४४ | १६७ | ६४ | १०३ | ४४ | १७४ | ६७ | १०७ |
| ८ | ३४ | १४९ | ६९ | ८० | ४८ | १५५ | ७२ | ८३ |
| ९ | २८ | १२५ | ५१ | ७४ | ३८ | १३० | ५३ | ७७ |
| **जम्मा** | ३११ | १४२४ | ६१२ | ८१२ | ३२९ | १४८२ | ६३७ | ८४५ |
| | | **प्रतिशतमा** | **४२.९८** | **५७.०२** | | | **४२.९८** | **५७.०२** |
| | **औसत प्रति घरधुरी जनसंख्या** | | | **४.५८** | | | **४.५०** | |
| | **जनसंख्या वृध्दि दर १ %** | | | | | | | |

## अनुसूची–२: घरधुरी तथा जातीय समूदाय सम्बन्धी अद्यावधिक तथ्यांक

| क स. | टोलको नाम | वस्तीको कोड | मुख्य गाउँको नाम | दलित | जनजाती | धार्मिक अल्पसंख्यक | तराई पिछडा वर्ग | अन्य घरधुरी | जम्मा घर धुरी |
|---|---|---|---|---|---|---|---|---|---|
| **वडा नं १** | | | | | | | | | |
| १ | फलेवास | ४४००४९०१८०१ | फलेवास | | १० | | | | १० |
| २ | कात्तिके टोल | ४४००४९०१८०२ | कात्तिके टोल | | | | | १० | १० |
| ३ | सापकोटा डाडा | ४४००४९०१८०३ | सापकोटा डाडा | | | | | ७ | ७ |
| ४ | छड्के बाटा | ४४००४९०१८०४ | छड्के बाटा | १९ | | | | | १९ |
| | **जम्मा** | | | **१९** | **१०** | **०** | **०** | **१७** | **४६** |
| **वडा नं २** | | | | | | | | | |
| १ | स्याम थुम्का | ४४००४९०२८०१ | स्याम थुम्का | २ | २ | | | ११ | १५ |
| २ | भाटे थुम्का | ४४००४९०२८०२ | भाटे थुम्का | | | | | १२ | १२ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | **जम्मा** | | | **२** | **२** | **०** | | **२३** | **२७** |
| **वडा नं ३** | | | | | | | | | |
| १ | ढुङ्गेखर्क | ४४००४९०३८०१ | ढुङ्गेखर्क | २ | १९ | | | | २१ |
| २ | कामी गाउं | ४४००४९०३८०२ | कामी गाउं | १६ | | | | | १६ |
| | **जम्मा** | | | **१८** | **१९** | | **०** | **०** | **३७** |
| **वडा नं ४** | | | | | | | | | |
| १ | बाहाबी | ४४००४९०४८०१ | बाहाबी | | | | | १५ | १५ |
| २ | लामागरा | ४४००४९०४८०२ | लामागरा | | | | | ३ | ३ |
| | **जम्मा** | | | **०** | **०** | **०** | **०** | **१८** | **१८** |
| **वडा नं ५** | | | | | | | | | |
| १ | पल्लो टोल | ४४००४९०५८०१ | नेवारे डाडा | | | | | २ | २ |
| २ | नेवारे डाडा | ४४००४९०५८०२ | नेवारे डाडा | | | | | १८ | १८ |
| ३ | सार्की टोल | ४४००४९०५८०३ | नेवारे डाडा | ५ | | | | | ५ |
| | **जम्मा** | | | **५** | **०** | | | **२०** | **२५** |
| **वडा नं ६** | | | | | | | | | |
| १ | माझखण्ड | ४४००४९०६८०१ | माझखण्ड | ३ | | | | २२ | २५ |
| २ | नेटा | ४४००४९०६८०२ | नेटा | २१ | | | | | २१ |
| | **जम्मा** | | | **२४** | **०** | | **०** | **२२** | **४६** |
| **वडा नं ७** | | | | | | | | | |
| १ | टकलाक | ४४००४९०७८०१ | टकलाक | | | | | १३ | १३ |
| २ | घैया खेत | ४४००४९०७८०२ | घैया खेत | ५ | | | | १० | १५ |
| ३ | भुसाल डाडा | ४४००४९०७८०३ | भुसाल डाडा | १ | | | | १५ | १६ |
| | **जम्मा** | | | **६** | **०** | | | **३८** | **४४** |
| **वडा नं ८** | | | | | | | | | |
| १ | सिगारकोष | ४४००४९०८८०१ | सिगारकोष | १ | १ | | | ३६ | ३८ |
| २ | खर्क | ४४००४९०८८०२ | खर्क | १ | ९ | | | | १० |
| | **जम्मा** | | | **२** | **१०** | | | **३६** | **४८** |
| **वडा नं ९** | | | | | | | | | |
| १ | सिगारकोष | ४४००४९०९८०१ | सिगारकोष | १८ | ६ | | | १४ | ३८ |
| | **जम्मा** | | | **१८** | **६** | | | **१४** | **३८** |
| | **कूल जम्मा** | | | **९४** | **४७** | **०** | **०** | **१८८** | **३२९** |
| | **प्रतिशत** | | | **२८.५७** | **१४.२९** | **०.००** | **०.००** | **५७.१४** | **१००.००** |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | टोलको संख्या २१ | | | | | | | | |

## अनुसूची–३: गाविसस्तरीय सूचनाहरु

| क सं | विवरणहरू | वडा नं | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| क | सडकको पहुँच | छ | छ | छ | छ | छ | छ | छ | छ | छ |
| ख | विद्युतको पहुँच | छ | छ | छ | छ | छ | छ | छ | छ | छ |
| ग | **दक्ष मानवीय जनशक्ति** | | | | | | | | | |
| | ग्रामिण मर्मत संभार कार्यकर्ता | | | | | | | | | |
| | आकाशेपानी संकलन गर्न घैंटो बनाउने | | | | | | | | | |
| | सुधारिएको चुलो बनाउने मिस्त्री | | | | | १ | | | | |
| | स्थानीय चर्पी निर्माण कार्यकर्ता | १ | १ | १ | | | | | | |
| | सरसफाइ र स्वच्छता सहजिकरणको लागि श्रोत व्यक्ति | | | | | | | | | |
| | ट्वाइलेट रिङ बनाउने दक्ष व्यक्ति | | | | | | | | | |
| | प्यान बनाउने दक्ष व्यक्ति | | | | | | | | | |
| घ | **खरिदको लागि उपलब्ध सामाग्रीहरू** | | | | | | | | | |
| | व्यक्तिगत सरसफाइ सामाग्रीहरू जस्तै साबुन, ब्रस इत्यादि | √ | √ | √ | √ | √ | √ | √ | √ | √ |
| | चर्पी सफा गर्ने सामाग्रीहरू | √ | | | √ | √ | √ | | √ | √ |
| | प्रयोग हुने ठाउँमा खानेपानीको शुध्दिकरण ( क्लोरिन, फिल्टर) | | | | | | | | | |
| | खानेपानी योजना मर्मत सम्भारका लागि जगेडा पार्ट पुर्जाहरू | | | | | | | | | |
| | चर्पी निर्माणका सामाग्रीहरू | | | | | | | | | |
| | लिफ्ट गर्ने योजना मर्मत सम्भारका लागि चाहिने दिुतिय पार्टपुर्जाहरू | | | | | | | | | |

## गाविसमा कार्यरत विकासशील निकायहरू

| क सं | निकायको नाम | संस्थाको किसिम | कामको किसिम तथा प्रकृति | अनुमानित बजेट | कहिले देखि संचालनमा छ |
|---|---|---|---|---|---|
| | | | | | |

## अनुसूची–४: खानेपानीको तुलनात्मक अवस्था

| क स. | टोलको नाम | वस्तीको कोड | मुख्य गाउँको नाम | योजनाको धारा | कुवा | ढुङ्गे धारा | खोला, नदी | वर्षाको पानी संकलन | जम्मा | पानी भर्ने स्थान | | योजनाको वा श्रोतको नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **वडा नं १** | | | | | | | | | | **योजनाबाट** | **स्रोतबाट** | |
| १ | फलेवास | ४४००४९०१८०१ | फलेवास | १० | | | | | १० | √ | | भैंसी गैरा |
| २ | कात्तिके टोल | ४४००४९०१८०२ | कात्तिके टोल | १० | | | | | १० | √ | | बांध पोखरा, चिमेको कुवा |
| ३ | सापकोटा डाडा | ४४००४९०१८०३ | सापकोटा डाडा | ७ | | | | | ७ | √ | | तल्लो पंधेरो |
| ४ | छड्के बाटा | ४४००४९०१८०४ | छड्के बाटा | | १९ | | | | १९ | | √ | जुके , ज्यामिरे गैरा |
| | **जम्मा** | | | **२७** | **१९** | **०** | **०** | **०** | **४६** | **३** | **१** | |
| **वडा नं २** | | | | | | | | | | | | |
| १ | स्याम थुम्का | ४४००४९०२८०१ | स्याम थुम्का | | १५ | | | | १५ | | √ | कोप्चे पंधेरा |
| २ | भाटे थुम्का | ४४००४९०२८०२ | भाटे थुम्का | | १२ | | | | १२ | | √ | जुके गैरा |
| | **जम्मा** | | | **०** | **२७** | **०** | **०** | | **२७** | | **२** | |
| **वडा नं ३** | | | | | | | | | | | | |
| १ | ढुङ्गेखर्क | ४४००४९०३८०१ | ढुङ्गेखर्क | | २१ | | | | २१ | | √ | भैंसी कुवा |
| २ | कामी गाउं | ४४००४९०३८०२ | कामी गाउं | | १६ | | | | १६ | | √ | बांध पंधेरा |
| | **जम्मा** | | | **०** | **३७** | | **०** | | **३७** | | **२** | |
| **वडा नं ४** | | | | | | | | | | | | |
| १ | बाहाबी | ४४००४९०४८०१ | बाहाबी | १५ | | | | | १५ | √ | | सिस्नेरी |
| २ | लामागरा | ४४००४९०४८०२ | लामागरा | | ३ | | | | ३ | | √ | कोल गैरा कोप्चे |
| | **जम्मा** | | | **१५** | **३** | **०** | **०** | **०** | **१८** | **१** | **१** | |
| **वडा नं ५** | | | | | | | | | | | | |
| १ | पल्लो टोल | ४४००४९०५८०१ | नेवारे डाडा | २ | ० | | | | २ | √ | | सिस्ने गैरा |
| २ | नेवारे डाडा | ४४००४९०५८०२ | नेवारे डाडा | १८ | | | | | १८ | √ | | सिस्ने गैरा |

**गाविस वास योजना टकलाक**

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | सार्की टोल | ४४००४९०५८०३ | नेवारे डाडा | ५ | | | | | ५ | √ | | सिस्ने गैरा |
| | **जम्मा** | | | **२५** | **०** | **०** | **०** | | **२५** | **३** | | |
| **वडा नं ६** | | | | | | | | | | | | |
| १ | माभ्फखण्ड | ४४००४९०६८०१ | माभ्फखण्ड | | २५ | | | | २५ | | √ | सिस्नेरी |
| २ | नेटा | ४४००४९०६८०२ | नेटा | | २१ | | | | २१ | | √ | सिस्नेरी |
| | **जम्मा** | | | **०** | **४६** | **०** | **०** | | **४६** | | **२** | |
| **वडा नं ७** | | | | | | | | | | | | |
| १ | टकलाक | ४४००४९०७८०१ | टकलाक | | १३ | | | | १३ | | √ | बांध गैरा |
| २ | घैया खेत | ४४००४९०७८०२ | घैया खेत | | १५ | | | | १५ | | √ | बांध गैरा |
| ३ | भुसाल डाडा | ४४००४९०७८०३ | भुसाल डाडा | | १६ | | | | १६ | | √ | बांध गैरा |
| | **जम्मा** | | | **०** | **४४** | **०** | **०** | | **४४** | | **३** | |
| **वडा नं ८** | | | | | | | | | | | | |
| १ | सिगारकोष | ४४००४९०८८०१ | सिगारकोष | | ३८ | | | | ३८ | | √ | रिठा पंधेरा |
| २ | खर्क | ४४००४९०८८०२ | खर्क | | १० | | | | १० | | √ | वाय गैरा |
| | **जम्मा** | | | **०** | **४८** | | **०** | | **४८** | | **२** | |
| **वडा नं ९** | | | | | | | | | | | | |
| १ | सिगारकोष | ४४००४९०९८०१ | सिगारकोष | | ३८ | | | | ३८ | | √ | तुरतुरे |
| | **जम्मा** | | | **०** | **३८** | **०** | **०** | | **३८** | | **१** | |
| | **कूल जम्मा** | | | **६७** | **२६२** | **०** | **०** | **०** | **३२९** | **७** | **१४** | |
| | **प्रतिशत** | | | **२०.३६** | **७९.६४** | **०.००** | **०.००** | **०.००** | **१००.००** | **३३** | **६७** | |
| | **टोलको संख्या २१** | | | | | | | | | | | |

## अनुसूची-५: पानीको स्रोत सम्बन्धी विवरण

| क.सं | स्रोतको नाम/किसिम | स्रोतको कोड | स्रोतको प्रकार | स्रोत रहेको स्थान | | मापन गरेको बहाब लि.प्र.से | मापन गरेको मिति | प्रयोग मा छ/छैन, के मा छ? | स्रोत रहेको जग्गा दर्ता भएको/नभएको | विवाद छ/छैन | गुणस्तर | स्रोतको वर्तमान प्रयोग/योजनाको नाम र प्रकार | प्रस्तावित योजनाको नाम र प्रकार | स्रोत संरक्षणको आवश्यकता | स्रोत वरिपरीको वातावरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | गाविस | वडा नं | | | | | | | | | | |
| १ | भैंसी गैरा | 44004907901 | मूल | त्रिवेणी | ७ | ०.०७ | २८/२/२०७२ | छ/खानेपानी | भएको | छैन | २ | भैंसी गैरा खा.पा/ग्राभिटी | भैंसी गैरा खा.पा/ग्राभिटी | छ | झाडी बीचमा |
| २ | बांध पंधेरा | 44004901902 | मूल | टकलाक | १ | ०.१६ | ४/३/२०७२ | छ/खानेपानी | भएको | छैन | १ | बांध पंधेरो खा.पा/ग्राभिटी | बांध पंधेरो खा.पा/ग्राभिटी | छ | झाडी बीचमा |
| ३ | तल्लो पंधेरा | 44004901903 | मूल | टकलाक | १ | ०.२८ | ४/३/२०७२ | छ/खानेपानी | भएको | छैन | १ | तल्लो पंधेरो खा.पा/ग्राभिटी | तल्लो पंधेरो खा.पा/ग्राभिटी | छ | जंगलको बीच |
| ४ | ज्यामिरे गैरा | 44004901904 | मूल | टकलाक | १ | ०.११ | ४/३/२०७२ | छ/खानेपानी | भएको | छैन | १ | ज्यामिरे गैरा खा.पा/ग्रभिटी | ज्यामिरे गैरा खा.पा/ग्रभिटी | छ | झाडी बीचमा |
| ५ | लसुने मूल | 44004901905 | मूल | टकलाक | १ | ०.१६ | ४/३/२०७२ | छ/खानेपानी | भएको | छैन | २ | लसुने मूल खा.पा/ग्रभिटी | | छ | झाडी बीचमा |
| ६ | चिमेको कुवा | 44004901906 | खोल्सी | टकलाक | १ | ०.१० | ४/३/२०७२ | छ/खानेपानी | भएको | छैन | २ | चिमेको कुवा खा.पा/ग्रभिटी | | छ | झाडी बीचमा |
| ७ | जुके पंधेरो | 44004901907 | खोल्सी | टकलाक | १ | ०.१३ | ४/३/२०७२ | छ/खानेपानी | भएको | छैन | १ | जुके पंधेरो खा.पा/ग्रभिटी | जुके पंधेरो खा.पा/ग्रभिटी | छ | झाडी बीचमा |
| ८ | कोप्चे पंधेरो | 44004902901 | खोल्सी | टकलाक | २ | ०.१६ | ४/३/२०७२ | छ/खानेपानी | भएको | छैन | २ | कोप्चे पंधेरो खा.पा./ग्राभिटी | | छ | खोल्सीमा |
| ९ | जुके गैरा पंधेरो | 44004902902 | खोल्सी | टकलाक | २ | ०.७५ | ४/३/२०७२ | छ/खानेपानी | भएको | छैन | | जुके गैरा खा.पा./ग्राभिटी | | छैन | खोल्सीमा |
| १० | बांध पंधेरा | 44004902903 | मूल | टकलाक | २ | ०.१० | ४/३/२०७२ | छ/खानेपानी | नभएको | छैन | १ | बांध पंधेरा खा.पा./ग्राभिटी | | छ | झाडी बीचमा |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | सिस्नेरी | 44004902904 | मूल | टकलाक | २ | ०.३३ | ४/३/२०७२ | छ/खानेपानी | भएको | छैन | १ | सिस्नेरी खा.पा./ग्राभिटी | सिस्नेरी खा.पा./ग्राभिटी | छ | झाडी बीचमा |
| १२ | भैंसी कुवा ( गैरा) | 44004903901 | मूल | टकलाक | ३ | | | छ/खानेपानी | भएको | छैन | १ | भैंसी गैरा खा.पा./ग्राभिटी | | छ | प्रदुषणको संभावना |
| **१३** | सिस्ने गैरा | 44004904901 | मूल | टकलाक | ४ | ०.८३ | ३/३/२०७२ | छ/खानेपानी | भएको | छैन | २ | सिस्ने गैरा खा.पा./ग्राभिटी | सिस्ने गैरा खा.पा./ग्राभिटी | छ | झाडी बीचमा |
| १४ | कोल गैरा | 44004904902 | मूल | टकलाक | ४ | ०.०६ | ३/३/२०७२ | छ/खानेपानी | भएको | छैन | ३ | कोल गैरा खा.पा./ग्राभिटी | कोल गैरा खा.पा./ग्राभिटी | छ | झाडी बीचमा |
| १५ | कोप्चो मूल | 44004904903 | खोल्सी | टकलाक | ४ | ०.०४ | ३/३/२०७२ | छ/खानेपानी | भएको | छैन | २ | कोप्चो मूल खा.पा./ग्राभिटी | कोप्चो मूल खा.पा./ग्राभिटी | छ | झाडी बीचमा |
| १६ | सार्की गैरा | 44004905901 | मूल | टकलाक | ५ | | | छ/खानेपानी | भएको | छैन | ३ | सार्की गैरा खा.पा./ग्राभिटी | | छ | |
| १७ | फलेदो गैरा माथिल्लो मूल | 44004905902 | मूल | टकलाक | ५ | | | छ/खानेपानी | भएको | छैन | ३ | सार्की गैरा खा.पा./ग्राभिटी | | छ | झाडी बीचमा |
| १८ | भ्याकुते कुवा | 44004905903 | मूल | टकलाक | ५ | | | छ/खानेपानी | भएको | छैन | ३ | भ्याकुते कुवा खा.पा./ग्राभिटी | | छ | प्रदुषणको संभावना |
| १९ | फलेदो गैरा तल्लो मूल | 44004905904 | मूल | टकलाक | ५ | | | छ/खानेपानी | भएको | छैन | ३ | फलेदो गैरा खा.पा/ग्रभिटी | | छ | प्रदुषणको संभावना |
| २० | गाओटी पंधेरो | 44004906901 | मूल | टकलाक | ६ | | | छ/खानेपानी | भएको | छैन | ३ | गाओटी पंधेरो खा.पा/ग्रभिटी | | छ | प्रदुषणको संभावना |
| २१ | सिस्नेरी | 44004906902 | मूल | टकलाक | ४ | ०.३३ | ४/३/२०७२ | छ/खानेपानी | भएको | छैन | २ | सिस्नेरी खा.पा/ग्रभिटी | | छैन | झाडी बीचमा |
| २२ | बांध गैरा १ | 44004907901 | मूल | टकलाक | ७ | ०.२५ | ४/३/२०७२ | छ/खानेपानी | भएको | छैन | १ | बांध गैरा १ खा.पा/ग्रभिटी | बांध गैरा खा.पा/ग्रभिटी | छ | झाडी बीचमा |
| २३ | बांध गैरा २ | 44004907902 | मूल | टकलाक | ७ | ०.२० | ४/३/२०७२ | छ/खानेपानी | भएको | छैन | २ | बांध गैरा २खा.पा/ग्रभिटी | | छ | झाडी बीचमा |

गाविस वास योजना टकलाक

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २४ | रिठा पंधेरा | 44004908901 | मूल | टकलाक | ८ | ०.०५ | ३/३/२०७२ | छ/खानेपानी | भएको | छैन | २ | रिठा पंधेरो खा.पा/ग्राभिटी | | छ | प्रदुषणको संभावना |
| २५ | सानो पंधेरो | 44004908902 | मूल | टकलाक | ८ | ०.०४ | ३/३/२०७२ | छ/खानेपानी | भएको | छैन | २ | सानो पंधेरो खा.पा/ग्राभिटी | | छ | जंगलको बीच |
| २६ | बाय गैरा तल्लो मूल | 44004908903 | मूल | टकलाक | ८ | ०.१३ | ३/३/२०७२ | छ/खानेपानी | भएको | छैन | २ | वाय गैरा खा.पा/ग्राभिटी | | छैन | प्रदुषणको संभावना |
| २७ | बाय गैरा माथिल्लो मूल | 44004908904 | खोल्सी | टकलाक | ८ | ०.१४ | ३/३/२०७२ | छ/खानेपानी | भएको | छैन | २ | वाय गैरा खा.पा/ग्राभिटी | | छैन | झाडी बीचमा |
| २८ | तुरतुरे तल्लो | 44004908905 | मूल | टकलाक | ८ | ०.१३ | ३/३/२०७२ | छ/खानेपानी | भएको | छैन | २ | तुरतुरे तल्लो खा.पा/ग्राभिटी | तुरतुरे तल्लो खा.पा/ग्राभिटी | छ | झाडी बीचमा |
| २९ | तुरतुरे माथिल्लो | 44004908906 | मूल | टकलाक | ८ | ०.०७ | ३/३/२०७२ | छ/खानेपानी | भएको | छैन | २ | तुरतुरे माथिल्लो खा.पा/ग्राभिटी | | छ | झाडी बीचमा |
| ३० | तुरतुरे | 44004909901 | मूल | टकलाक | ९ | ०.१३ | ५/३/२०७२ | छ/खानेपानी | भएको | छैन | २ | तुरतुरे खा.पा/ग्राभिटी | तुरतुरे खा.पा/ग्राभिटी | छैन | पहरामा |
| ३१ | बांध पोखरी | 44004901908 | मूल | टकलाक | १ | ०.१० | ४/३/२०७२ | छ/खानेपानी | भएको | छैन | २ | बांध पोखरी खा.पा/ग्राभिटी | | छ | झाडी बीचमा |

## अनुसूची-६ विद्यमान पोखरीहरु र तिनको अवस्था

| क्र. सं | विवरण/वडा नं तथा टोलको नाम | वडा नं.१ | | वडा नं.६ | |
|---|---|---|---|---|---|
| | | फलेवास | फलेवास | माझखण्ड | माझखण्ड |
| १ | अवस्था | नराम्रो | नराम्रो | मध्यम | मध्यम |
| २ | माटोको भराई छ/छैन | | | छ | |
| ३ | उद्देश्य | जनावरको लागि | जनावरको लागि | घरायसी प्रयोजनको लागि | जनावरको लागि |
| ४ | प्रयोग भएका सामग्री | माटो | माटो | माटो | माटो,ढुङ्गा |
| ५ | पोखरीको भुईंमा | माटो | माटो | माटो | माटो |
| ६ | चारै तर्फ (sides) | माटो | माटो | माटो | ढुङ्गा |

## अनुसूची-७ : खानेपानीको सुविधास्तर निर्धारण

| क स. | टोलको नाम | पानी थाप्ने स्थान | घर संख्या | पानी ल्याउन लाग्ने औसत समय,ग्रेडिङ मिनेटको आधारमा | पानीको परिमाण ( उपलब्धता औसत) | पानीको गुणस्तर | स्रोतको विश्वसनियता | सुविधास्तर ( समग्रमा) |
|---|---|---|---|---|---|---|---|---|
| | **वडा नं १** | | | | | | | |
| १ | फलेवास | धारा | १० | १ | २ | १ | १ | २ |
| २ | कात्तिके टोल | धारा | १० | १ | ३ | १ | १ | ३ |
